# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

प सं : २०७७/७८

च नं (कृषि शाखा): ११६ ५११८

मिति २०७७/०८/३०

विषयः अनुदानमा मल विक्रेता नियुक्ती सिफारिस सम्वन्धमा।

श्री कृषि सामग्री कम्पनी लिमिटेड, शाखा कार्यालय भरतपुर, चितवन ।

श्री साल्ट ट्रेडिङ्ग कर्पोरेसन प्रा. लि , शाखा कार्यालय , नारायणगढ, चितवन ।

उपर्युक्त सम्वन्धमा भरतपुर महानगरपालिकाको अनुदानमा मल व्यवस्थापन निर्देशिका , २०७७ अनुसारको स्थानिय समितिको मिति २०७७/०८/२६ को निर्णय अनुसार संलग्न कागजात अनुसारको सहकारीलाई अनुदानमा मल विक्रेता वितरण गर्न छनौट भएकोले छनौट भएका सहकारीहरुले त्यहा कार्यालयको विक्रेता लिन चाहेमा तोकिएको कार्यक्षेत्रमा मात्र कारोवार गर्ने गरि विक्रेता नियुक्ती सिफारिस गरिएको छ।

पुरुषोत्तम तीवारी

**अधिकृतस्तर छैठौं**

स्थानीय समितिको मिति २०७७/०८/०८ को निर्णय वमोजिम खाली रेहका वडा तथा कार्यक्षेत्रमा भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०७७/०८/१० मा प्रकाशित सूचना वमोजिम प्राप्त आवेदन मध्य वाट तपशिल वमोजिमको अनुदानमा मल विक्रेता छनौट गर्ने निर्णय गरियो ।साथै, वडा नं ५ मा दुई वटा सहकारी छनौट गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.श | दर्ता नं | विक्रेताको नाम | सम्पर्क व्यक्ति | वडा नं | सम्पर्क नं | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ३३७४ | नव चन्द्रमा कृषि सहकारी संस्था लि. | प्रकाश चन्द्र पौडेल | ५ | ९८५५०६१४६३ | ५ | एकै वडामा दुई वटा कृषि सहकारी छनौट भएमा वडाको सिफारिस अनुसार कार्यक्षेत्र थप प्रस्ट गरिनेछ । |
| | ३४६५ | श्री अभ्युदय बहुउदेश्यीय सहकारी संस्था लि. | उत्तम कुमार सापकोटा | ५ | ०५६५०३२३३ | ५ | |
| ३ | ३२४४ | त्रिपुरेश्वर कृषि स.स.लि. | वेद प्रसाद सापकोटा | ९ | ९८४५१९७९३४ | ९ | |
| ४ | ३२९७ | श्री ब्रहमज्योती कृषि सहकारी संस्था लि. | बलराम पौडेल | १३ | ९८४५०८८७६३ | १३ | |
| ५ | ३३७८ | केरुंगा ताजा तरकारी तथा फलफुल उत्पादक सहकारी संस्था लि. | जनक पुरी | २४ | ९८५५०६५३२४ | २४ | |
| ६ | ३३७९ | आत्मनीर्भर सामाजीक उधमी महिला सहकारी संस्था लि. | सुभद्रा घिमिरे | २४ | ९८४५२०८४७३ | २४ | |
| ७ | ३२७४ | श्री अन्नपुर्ण बहुउदेश्यीय सहकारी संस्था लि. | किरण राज मरठठा | २६ | ९८४५०५३८९० | २६ | |
| ८ | ३६२० | श्री सफल सामाजिक उधमी महिला सहकारी संस्था लि. | लालमाया गुरुङ्ग | २९ | ९८४५५९०६८१ | २९ | |

३. अनुदानमा रासायनिक मल विक्रेता नियुक्ती सिफारिसमा छनौट भएका विक्रेता सवैलाई कृषि सामग्री संस्थान र साल्ट ट्रेडिङ्गमा सिफारिस गर्ने निर्णय गरियो ।

४. भरतपुर महानगरपालिकाका एकै वडामा दुई वा दुई भन्दा वढी सहकारी छनौट भएमा वडा कार्यालयको सिफारिस अनुसार सम्वन्धित सहकारीको कार्यक्षेत्र सिफारिस गर्ने निर्णय गरियो ।साथै, मिति २०७७/०८/०८ मा छनौट भएको हाम्रो बहुउद्देश्यीय कृषि सहकारी संस्थाको अनुदानको मल वितरणको कार्यक्षत्र वडा नं १० मात्र रहेकोमा सो सहकारीको कार्यक्षेत्र वडा नं १,२,३,४,७,११ र १२ मा थप गर्ने निर्णय गरियो ।

५. अनुदानमा मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ को अनुसूची ५ वमोजिमको विक्रेताले सम्वन्धित स्थानिय तहवाट प्रमाणित गराई पेश गर्नु पर्ने मल विक्री वितरण विवरण र अनुसुची ९ वमोजिमको स्टक खाताको विवरण विक्रेतले वडामा कार्यालयमा प्रमाणीकरण गर्ने र कृषि शाखामा पेस गर्ने निर्णय गरियो ।

६. अनुदान मलको परिमाण अभाव भएकोले हालका लागि विक्रेताले कृषकलाई आवश्यक परेमा कुनै एक प्रकारको मल वढीमा एक कुइन्टल मात्र वितरण गर्न सक्नेछन् । कुनै कृषक/फर्म/टोललाई कुनै एक प्रकारको मल (UREA/DAP/POTASH) एक कुईन्टल भन्दा वढी वितरण गर्नु परेमा वडा कार्यालयको सिफारिसमा विक्रेताले मल उपलव्ध गराउन सक्नेछन्। विक्रेताले सो सम्वन्धीत विवरण कृषि शाखामा पेस गर्नु पर्ने निर्णय गरियो ।

७. विक्रेताले अनुसुची ५ वमोजिमको विवरणका लागि अनुदानमा मल विक्रेता संस्थाले कृषि शाखाले उपलव्ध गराएको ढांचामा किसान परिचय पत्र जारी गर्नु पर्ने निर्णय गरियो ।